# नेपाल पत्रकार महासंघ

## Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०७८।०२।०२

### शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघका सचिव हेमकर्ण विकलाई मातृशोक परेको छ । उहाँकी ममतामयी माता कलादेवी विकको ७० वर्षको उमेरमा कैलालीको धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा उपचारको क्रममा गएराति ११ः४५ बजे निधन भएको हो । हृदयघात भएपछि उहाँलाई उपचारका लागि उक्त अस्पतालमा भर्ना गरिएको थियो । स्वर्गीय विकका श्रीमान् र सचिव हेमकर्णसहित तीन छोरा हुनुहुन्छ।

यसैगरी नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष नारायणप्रसाद शर्मालाई पितृशोक परेको छ । उहाँका पिता गंगाधर शर्माको ९० वर्षको उमेरमा पूर्वी नवलपरासीको कावासोती नगरपालिका-६ स्थित निवासमा शनिबार दिउँसो निधन भएको हो । उहाँ दम र मुटुसम्बन्धी रोगबाट पीडित हुनुहुन्थ्यो। स्वर्गीय शर्माका चार छोरी र दुई छोरा हुनुहुन्छ।

नेपाल पत्रकार महासंघ स्वर्गीय माता विक र स्वर्गीय पिता शर्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दुवै मृतआत्माको चिरशान्तिको कामना गर्दछ । साथै, दुःखको यस घडीमा मातृशोकमा पर्नुभएका सचिव हेम कर्ण विक र पितृशोकमा पर्नुभएका महासंघ गण्डकी प्रदेश अध्यक्ष नारायण शर्मासहित दुवै जनाको शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ ।

रोसन पुरी
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org